**दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :**

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

**केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं**

**Date: August 26, 2011**

## प्रेस विज्ञप्ती

राष्ट्रिय दलित नेटवर्कको आयोजनामा यही भाद्र ७ र ८ गते काठमाडौंमा **आठौ दलित संसद** भव्यताका साथ सम्पन्न भयो । "**आर्थिक/सामाजिक प्रगतिशील रुपान्तरणका लागि हरेक क्षेत्रमा दलित सहभागिता, संविधान सभाबाट मात्रै संघीय राज्यको दलितमैत्री संविधानको सुनिश्चितता"** भन्ने मूल नाराकासाथ सम्पन्न उक्त संसदमा संविधानसभाका प्रस्तावित १४ वटा प्रदेशबाट समानुपातिक प्रतिनीधित्वका आधारमा मुलुकभरिका २०१ जनाको उपस्थितिमा गैरभौगोलिक दलित संसदको आयोजना गरिएको थियो । संसदमा पर्यवेक्षक तथा अतीथि वक्ताको रुपमा दलित प्रतिनिधिहरु, राजनीतिक दलका नेताहरु, नागरिक समाजका अगुवाहरु एवं दलित आन्दोलनका नेताहरु र भारतीय दलित आन्दोलनका नेताको समेत उपस्थिति रहेको थियो ।

दुई दिनसम्म चलेको उक्त संसदको समुद्घाटन पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका बरिष्ट नेता माधवकुमार नेपालले गर्नु भएको थियो । भने उद्घाटनमा विभिन्न पार्टीका बरिष्ट नेताहरु, दलित अधिकार आन्दोलनका नेताहरु, नागरिक समाजका प्रतिनिधीहरु र मित्रराष्ट्र भारतबाट ऐक्यवद्धताको निमित्त आउनु भएका आगन्तुकले आ-आफ्नो मन्तव्य तथा आठौं दलित संसदको सफलताको कामना गर्नु भएको थियो ।

### १. आठौं दलित संसदका उपलब्धीहरु :

देशका ६९ जिल्लाका २०१ जना दलित साँसद सहित ३५१ जनाको उपस्थितिमा दलित संसदमा ४ वटा विद्येयक, ६ वटा जरुरी महत्वका प्रस्तावहरु, संकल्प प्रस्तावहरु सहित आठौं दलित संसदको काठमाडौं वडा पत्र जारी गर्दै समाप्त भएको थियो ।

### १.१. पुरस्कार वितरण :

दलित संसदको अवसरमा हरेक वर्ष प्रदान गर्दै आएको **टिकाराम पार्की मानव मर्यादा पुरस्कार २०६८** केही समय अगाडि अमेरिकामा एक कार दुर्घटनामा मृत्य भएका दलित आन्दोलनका होनाहार युवा नेता सुभाष दर्नाललाई मरोणोप्रान्त प्रदान गर्ने घोषणा गरिएको थियो । उक्त घोषणा पश्चात दलित संसदका पूर्व सभामुख रविन्द्रसिंह गहतराज, सांसद सुभाष दर्नाल र सांसद प्रेम विश्वकर्माप्रति शोक प्रस्ताव सहित पहिलो दिनको संसदको बैठक स्थगन भएको थियो ।

### १.२ संविधानको पहिलो मस्यौदा जारी :

दलित संसदमा दलित दृष्टिमा **संघीय लोकतानित्रक गणतन्त्र नेपालको संविधान २०६८** को पहिलो मस्यौदा पारित गरिएको थियो । संसदमा प्रमुख अतीथि पूर्वप्रधानमंत्री माधवकुमार नेपालले सार्वजनिकीकरण गर्नु भएको थियो । मस्यौदामा मुलतः राज्यको संरक्षणमा भएको विभेदको पश्चाताप, ७ वटा प्रदेशहरु र २१ क्षेत्र र २ वटा

गैरभौलिक संघीय एकाइको प्रस्ताव गरिएको छ । भने राष्ट्रपति तथा मुख्यमंत्री चक्रीय प्रणाली, मिश्रित निर्वाचन प्रणाली अन्तरगत अलग निर्वाचित क्षेत्र आरक्षित, मौलिक हकमा वैज्ञानिक आरक्षणको हक, स्थानीय स्तरमा छुवाछूत अपराध निगरानी केन्द्र, संवैधानिक अदालत र संविधानको संशोधन सम्बन्धी ३ वटा खुकुला उपाय प्रस्ताव गरिएको छ ।

**१.३. शुन्य समय :**

आठौं दलित संसदको दाश्रो दिन दलित संसद शुन्य समयबाट शुरुवात भएको थियो । शुन्य समयमा देश भरिका करिव २५ जना माननीय दलित सांसदले प्रतिनिधिमुलक ढंगमा आ-आफ्नो क्षेत्रको समस्याहरु उजागर गर्दै राज्यलाई उक्त समस्याहरु समधान गर्न दलित संसदको ध्यानाकर्षण गराउनु भएको थियो । अधिकांश साँसदहरुले प्रस्तावित प्रदेशहरुमा दलितहरुले वेहोर्नुपर्ने समस्याका विषयमा ध्यानाकर्षण गरेका थिए ।

**१.४. विद्येयक पारित :**

दलित संसदले ४ वटा विद्येयकहरुमध्ये १) हलिया श्रम निषेध गर्न बनेको विद्येयक २०६८ २) राष्ट्रिय दलित आयोगको गठन सम्वन्धित विद्येयक २०६८ ३) राष्ट्रिय मानवअधिकार आयोगको विद्येयक २०६८ ४) नेपालको अन्तरीम संविधान २०६३ लाई दशौ संशोधन गर्न बनेको विद्येयक २०६८ सर्वसम्मतीले पारित गरेको थियो । नेपालको अन्तरिम संविधानमा संशोधन गर्दा संविधान सभाको म्याद १ वर्षका लागि थप गरिएको थियो भने धारा १४ को २ मा समेत संशोधन गरी दलितहरुका लागि सार्वजनिक स्थलमा छुवाछूत गर्न नपाइने भन्ने व्यवस्थालाई संशोधन गरि कुनै पनि स्थानमा छुवाछूत गर्न नपाइने व्यवस्था गरिएएको छ ।

**१.५ संकल्प प्रस्ताव :**

नेपालको संविधान निर्माण प्रक्रिया निकै ढिला भएकोप्रति संविधान सभाको ध्यानाकर्षण गराउदै संविधानको पहिलो मस्यौदा समयमै ल्याउने सम्बन्धी, दलित जनसंख्या तथा अनुसुची आयोग गठन सम्वन्धी, बादी विकास बोर्ड गठन सम्बन्धी, सुदुरपश्चिम विकास आयोग गठन सम्वन्धी, जातीय भेदभाव तथा छुवाछुतको कसुर र सजाय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०६८ कार्यान्वयन गर्ने सम्वन्धि ७ बटा संकल्प प्रस्तावहरु पारित गरिएको थियो ।

**१.६ जरुरी सार्वजनिक महत्वको प्रस्ताव :**

दण्डहिनता र महंगी नियन्त्रण, शान्ति प्रकृयाको सार्थक निश्कर्ष, राष्ट्रिय सहमतिको सरकार गठन गर्ने, दलित महिलाको हरक्षेत्रमा सहभागिता र नागरिकताको असमानता हटाउने, मधेशको हिंसा र दलित समुदायको सुरक्षा र प्रथम दलित सगरमाथा आरोहण अभियान सफल बनाउन जोड दिने जस्ता ६ बटा जरुरी सार्वजानिक महत्वको प्रस्ताव पारित गरिएको थियो । साथै आठौं दलित संसदमा नेपाल सरकारको आर्थिक बर्ष २०६८/६९ को नीति तथा कार्यक्रम र बजेटमा दलितमुखी कार्यक्रम र कार्यान्वयन सम्वन्धी सैद्धान्तिक छलफल पश्चात दलित समुदायको लागि २३ प्रतिशत वजेट दलितका लागि कार्यान्वयन गर्न सुझाव सहित पारित गरिएको थियो ।

**१.७ दलित संसद काठमाडौंको वडापत्र :**

आठौं दलित संसदले नेपाली दलितहरुको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथा जीविकोपार्जनका सवालमा राजनीतिक दलहरुले आगामी संविधान तथा राज्यको पुनःसंरचनाको अभियानमा मूल एजेण्डा बनाउन आव्हान गर्दै, संविधान निर्माण गर्ने प्रतिबद्धताकासाथ राष्ट्रिय सहमतिमा सरकार संचालन, विशेष दलित जनसंख्या अनुसुची आयोग, सत्यनिरुपण तथा मेलमिलाप आयोग, वेपत्ता नागरिक खोजवीन आयोग, सुदूरपश्चिम आयोग, शान्ति प्रक्रिया र राज्यपुनःसंरचनाका

सबै तहमा दलितहरुको अनिवार्य सहभागिता रहनुपर्ने, नेपाल पत्रकार महासंघको नेतृत्वमा जारी देशव्यापी आन्दोलनप्रति समर्थन तथा ऐक्यबद्धता प्रकट गर्ने, आगामी नवौं संसद देखि नेपाल सरकारको नीति तथा कार्यक्रम र वजेटको विश्लेषण प्रतिवेदन सार्वजनिक गर्ने, प्रस्तावित विद्येयकहरु पारित गर्न र वादी विकास बोर्ड गठन गर्न माग गर्दै यही भदौं १४ गते समाप्त हुन थालेको एक मात्र निर्वाचित संविधान सभाको म्याद १ वर्षका लागि अन्तिम पटक थप गरेर भएपनि संविधान जारी गर्नका लागि भाद्र १४ गते संविधानको पहिलो मस्यौदा जारी गर्न माग सहित २७ वुदे **दलित संसद काठमाडौंको वडापत्र** जारी गरिएको छ ।

**१.७ समापन समारोह :**

दुई दिनसम्म संचालित आठौं दलित संसदले देशका ५ वटै विकास क्षेत्रमा संदेश सभा गर्ने, सुपका ९ वटै जिल्लामा संदेश सभा गर्ने, आगामी ६ महिनाभित्र दलित संसदको हिउदे अधिवेशन बस्ने र परिसिथति अनुसार अन्य काममा जुट्ने संकल्पका साथ वर्तमान तथा पूर्वमंत्रीहरु, भारतीय नेता तथा नागरिक समाजका अगुवाहरुको प्रतिबद्धता सहित दलित संसद समापन गरिएको थियो ।

**गणेश वि.के.**
**सभामुख दलित संसद**